# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, साउन २७ गते २०४० साल ( अतिरिक्ताङ्क १७

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा नेपालको संविधानबमोजिम सर्वोच्च अदालतका अतिरिक्त न्यायाधीश श्री त्रिलोकप्रताप राणालाई निजको पदावधि समाप्त भएको मितिले अर्को ३ (तीन) वर्षको अवधिको लागि पुनः नियुक्त गरिबक्सेको छ ।

साथै मौसूफबाट निजको पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा न्याय प्रशासन सुधार ऐन, २०३१ बमोजिम मध्यमाञ्चल क्षेत्रीय अदालतका देहायका अतिरिक्त न्यायाधीशहरूलाई पदावधि समाप्त भएको मितिले अर्को ३ (तीन) वर्षको अवधिको लागि पुनः नियुक्त गरिबक्सेको छ ।

साथै मौसूफबाट निजहरूको पारिश्रमिक तथा सुविधा क्षेत्रीय अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी तोकिबक्सेको छ ।

१) अतिरिक्त न्यायाधीश श्री झुलेन्द्रप्रसाद छतकुली

२) अतिरिक्त न्यायाधीश श्री लीलाप्रसाद गिरी

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४४

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।